नेपाल सरकार

# विज्ञापन बोर्ड

बबरमहल, काठमाडौं

**प.सं. :-** ०८२/८३

**च.नं. :-** ३११

**मिति :-** वि.सं. २०८२/१०/१८

**ने.स. :-** ११४६ सिल्लाथ्व, १५ आइतवार

विषयः विद्युतीय सञ्चारमाध्यममा लोककल्याणकारी विज्ञापन प्रसारणको लागि आवेदन दिने म्याद थपसम्बन्धी सुचना ।

**(तेस्रो पटक प्रकासित मितिः २०८२/१०/१८)**

नेपाल सरकारबाट उपलब्ध गराइने लोककल्याणकारी विज्ञापन प्रसारण गर्न इच्छुक टेलिभिजन (भु-उपग्रह, भु-सतही, केवल) र रेडियो तथा एफ.एम. रेडियोहरुले यस बोर्डको अनलाइन प्रणाली मार्फत २०८२/१०/०२ गतेसम्म आवेदन गर्न सूचना प्रकासित गरिएकोमा कतिपय टेलिभिजन, रेडियो तथा एफ.एम. रेडियोहरुले हालसम्म लोककल्याणकारी विज्ञापन प्रसारण गर्नका लागि विज्ञापन बोर्डमा आवेदन पेश गर्न बाँकी देखिएकोले मिति २०८२/१०/१९ गतेदेखि २०८२/१०/२८ गतेभित्र विद्युतीय सञ्चारमाध्यममा लोककल्याणकारी विज्ञापन प्रसारणको लागि अनलाइन प्रणालीमार्फत आवेदन पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीको लगि यो सूचना प्रकासित गरिएको छ ।

**तपसिलः**

१. लोककल्याणकारी विज्ञापन प्रसारण गर्न चाहने विद्युतीय सञ्चारमाध्यममले विज्ञापन बोर्डमा आफ्नो सञ्चारमाध्यम सूचीकरण तथा नविकरण गर्नु पर्नेछ । चालु आ.व. २०८२/०८३ मा सूचीकरण वा नविकरण भए पश्चात मात्र लोककल्याकारी विज्ञापन प्रसारणका लागि आवेदन पेश गर्न सकिनेछ ।

२. सञ्चारमाध्यमको सूचीकरण तथा नविकरण गर्दा बोर्डको बेवसाइट https://adboard.gov.np/ को AMS Login वा https://ams.adboard.gov.np/ मा login गरी आवश्यक विवरण प्रबिष्टिका साथै विद्युतीय सञ्चारमाध्यममा लोककल्याणकारी विज्ञापन

प्रसारणसम्बन्धि कार्यविधि, २०८२ को दफा ८ उपदफा २ र ३ बमोजिमका कागजात समेत संलग्न गर्नुपर्नेछ ।

३. गत आर्थिक बर्ष २०८१/०८२ मा विज्ञापन बोर्डमा सूचीकृत भएका विद्युतीय सञ्चारमाध्यमले समेत अद्यावधिक कागजात अनलाइनमा प्रबिष्ट गरी चालु आ.ब. २०८२/०८३ का लागि नविकरण गर्नु पर्नेछ ।

४. विद्युतीय सञ्चारमाध्यम सूचीकरण तथा नविकरण स्वीकृत भए पश्चात विद्युतीय सञ्चारमाध्यमले लोककल्याणकारी विज्ञापन प्रसारणको लागि पुनः बोर्डको वेबसाइट https://ams.adboard.gov.np/ मा Login गरी सफ्वेयरले निर्देश गरे बमोजिम अनुसूची-१ बमोजिमको ढाँचामा आवेदन दिनुपर्नेछ ।

५. लोककल्याणकारी विज्ञापन प्रसारणको लागि आवेदन प्रक्रिया पुरा नगरेका टेलिभिजन, रेडियो तथा एफ.एम. रेडियोहरुलाई लोककल्याणकारी विज्ञापन उपलब्ध गराइने छैन ।

यस सम्बन्धी विस्तृत जानकारीको लागि बोर्डको इमेल वा ०१-५९०९३४४/५९१९३४६ मा सम्पर्क गर्नु हुन अनुरोध छ ।

प्रमाणित डिजिटल हस्ताक्षर गर्ने व्यक्ति
Bindu Kala Bhandari
bindubhandarip4@gmail.com

(बिन्दु कला भण्डारी)
शाखा अधिकृत

बोधार्थः
श्री हुलाक निर्देशनालय, , सबै
श्री जिल्ला हुलाक कार्यालय , सबैः आफ्नो जिल्लाभित्र लोककल्याणकारी विज्ञापन आवेदन पेश गर्न बाँकी रहेका रेडियो तथा टेलिभिजनलाई जानकारी गराईदिनु हुन ।